# पुन:प्रयोग योग्य फोहोर व्यावस्थापन



## समरभिल जीरो-सर्ट निलो कार्टमा तपाँईंको सबै पुन:प्रयोग योग्य फोहोर सिसा, धातु, तथा प्लास्टिक राख्नुहोस्।

### धातु, तथा प्लास्टिक राख्नुहोस्।




कृपया सबै वस्तुहरू खाली तथा सफा गर्नुहोस्। कुनै पनि वस्तुहरू २ इन्च भन्दा सानो छैन, जस्तै बोतलका खुकुला बिर्कोहरू। थप जानकारीका लागी www.somervillema.gov/wizard मा जानुहोस्।

### निम्न सामानहरु पुन:प्रयोग योग्य फोहोर फाल्ने भाडामा हाल्न अनुमति दिईएको छैन।

| | | | | |
|---|---|---|---|---|
| पुन:प्रयोग गर्न मिल्ने सामान झोलामा नराख्नुहोस, फोहोरमा नहाल्नुहोस्। | कुनै पनि प्लास्टिकको झोला वा बेरेको प्लास्टिक हुनु हुदैन (खुद्रा विक्रेतालाई फिर्ता दिनुहोस्) | कुनै खाना वा तरल पदार्थ हुनु हुदैन (खाली गर्नुहोस्, धुनुहोस्, वा सबै भाँडा सफा गर्नुहोस्।) | कुनै पनि अन्य साधन (कुनै नली, तार, धातु, वा बिद्युतिय साधन) नफाल्नुहोस्। | कुनै पनि लुगा वा नाईलनको सामान नफाल्नुहोस्। (दान दिने कार्यक्रममा प्रयोग गर्नुहोस्।) |

### फोहोरमा नहाल्नुहोस्।




**कपडा र सहायक सामग्रीहरू:** कपडा, जुत्ता, र अन्य कपडाका झोलामा वा बन्द कार्डबोर्ड बक्समा पुन:प्रयोग वा पुन:प्रयोगको लागि भनी उल्लेख गरी कर्बसाइड राख्नुहोस्। सामान उठाएर लानका लागी ८६६-८३५-५०६८ मा सिम्पल रिसाइक्लिङ्गलाई सम्पर्क गरेर वा www.simplerecycling.com मा गएर पहिले समय तय गरिनुपर्छ वा स्थानीय परोपकारी संस्थाहरूलाई उक्त वस्तुहरू दान गर्न सक्नु हुनेछ।

**यार्डका फोहोरहरु:** यार्डका फोहोर उठाउने हप्तामा तपाईंको फोहोर उठाउने दिनमा कर्बसाइड राख्नुहोस् (क्यालेन्डर हेर्नुहोस्), वा डि.पि.डब्ल्यु.मा कार्यालय समयका दिनहरूमा वर्षभर नै छोड्न सक्नु हुनेछ। (यसका लागी तपाँईले साथमा समरभिलको वासिन्दा भएको प्रमाण ल्याउनु होस्)। कागजको झोलामा (प्लास्टिक होइन!) वा ब्यारेलहरूमा "यार्ड वेस्ट मात्र" स्टिकर राखेर भण्डार गर्नुहोस्। रुखका हाँगाहरूलाई ३ फीट x ३फिटको मुठा बनाएर बाँध्नुहोस्। स्टिकरहरूको लागि ३११ मा सम्पर्क गर्नुहोस्।

### विशेष वस्तुहरू नष्ट गर्ने दिशा-निर्देशहरू

- **ठूला उपकरणहरू:** ठूला उपकरणहरू, जस्तै ड्रायर, एसी, वा तातो पानीको हिटरहरू जस्ता सामानको लागि अनलाइन, वा डि.पि.डब्ल्यु.को कार्यालयमा (चेक, क्रेडिट, डेबिट, वा मनी अर्डरद्वारा - डि.पि.डब्ल्यु.को कार्यालयमा नगद छैन), वा सिटी हलमा (नगद पनि ठीक छ) नियमित कार्यालय समयमा $२५ को सेतो स्टिकर उपलब्ध हुन्छ।
- **टिभी र कम्प्युटर मनिटरहरू:** नि:शुल्क कर्बसाइड पिकअपको समय तालिका बनाउनका लागी ३११ मा फोन गर्नुहोस्, वा हप्तामा कार्यालय समयका दिनहरूमा डि.पि.डब्ल्यु. (१ फ्रयानि रोड) मा आफैं पुर्याउन जानुहोस्।
- **फर्निचर/गद्दाहरू:** प्रति हप्ता दुई वस्तुहरूमा सीमित छ। फोहोरको साथ कर्बसाइड राख्नुहोस्।
- **बिद्युतिय सामानका फोहोरहरु:** साना उपकरणहरू (जस्तै टोस्टरहरू), र ई-फोहोरहरू (जस्तै कम्प्युटर उपकरणहरू, डीभिडीहरू, र कर्डहरू) पुन:प्रयोग गर्न मिल्ने गरी डि.पि.डब्ल्यु.मा हप्ताको नियमित कार्यालय समयमा ल्याउनु होस्। (यस अवधिमा तपाँईको साथमा समरभिल सिटिको निवासी भएको प्रमाण ल्याउनुहोस्।)

### पुन:प्रयोगी फोहोरमा गद्दा

- बासिन्दाहरूले गद्दा उठाएर लाने समय तालिका बनाउन ३११ मा (वा ६१७-६६६-३३११) मा फोन गरेर, वा सामाजिक सञ्जाल मार्फत अग्रिम सम्पर्क गर्नुपर्छ। समाजिक सञ्जाल, ३११ एप, वा www.somervillema.gov/311 मार्फत ३११ मा पुग्न सक्नु हुनेछ।
- गद्दा/बक्स स्प्रिङ नियमित फोहोर उठाउने दिनको एक दिन पछि एक अपवाद सहित कर्बसाइडबाट उठाइनेछ। शुक्रबार फोहोर उठाईएका बासिन्दाहरूको गद्दाहरू पनि शुक्रबार नै उठाइनेछ।
- गद्दाहरू उठाएर लानका लागी उक्त दिन बिहान ७:०० बजे नै बाहिर राख्नुपर्छ। उनीहरू रात पर्नु अगावै साँझ ४:०० बजे सम्म बाहिर आउन सक्छन्।
- कुनै पनि ओछ्यानमा किरा वा उडुस परेर संक्रमित भएको छ भने गद्दालाई फोहोर फाल्ने दिनमा नियमित फोहोरको साथमा फाल्नु पर्छ।
- यो सेवा ती घरपरिवारहरूका लागि मात्र उपलब्ध छ जसमा सिटिको व्यवस्थित फोहोर सङ्कलन सेवाहरू उपलब्ध छन्।